# नेपाल-संस्कृत-विश्वविद्यालय

## परीक्षा-नियन्त्रण-कार्यालयको

## परीक्षा आवेदन-प्रपत्र (फाराम)

## भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय बेलझुण्डी दाङद्वारा वि.सं. २०७७ सालमा सञ्चालन गरिने शास्त्री प्रथम (नियमित/स्वतन्त्र/विशिष्ट) - २०७७ आचार्य प्रथम, द्वितीय खण्डको (नियमित/आंशिक/स्वतन्त्र) २०७६ परीक्षा नियमानुसार दिन पाउने परीक्षार्थीहरुले समेत नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी वि.सं. २०७७ मंसिर १५ गतेभित्र आ-आफ्नो विद्यापीठमा बुझाउन सम्बद्ध सबैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन प्रपत्र (फाराम) परीक्षा नियन्त्रण कार्यालय दाङ, ने.सं.वि. अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त सबै विद्यापीठहरुबाट प्राप्त गर्न सकिनेछ । साथै आचार्य प्रथम खण्ड नियमित समूहबाट २०७५ सालको वार्षिक परीक्षामा कारणवश समावेश हुन नसकेका परीक्षार्थीहरुले २०७६ को नियमित समूहबाट परीक्षा दिने गरी सम्बद्ध विद्यापीठमा सम्पर्क गरी परीक्षा आवेदन फाराम भर्न समेत सूचित गरिन्छ ।

**१. परीक्षा शुल्कहरू :-**

| तह | नियमित | | स्वतन्त्र | | स्वतन्त्र तथा विशिष्टका लागि डाँक खर्च | फाराम शुल्क | केन्द्र शुल्क | रजिष्ट्रेशन शुल्क | इमिग्रेशन शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | | | | | |
| शास्त्री | १५०।- | ४०।- | २००।- | ७५।- | २०।- | २०।- | ३०।- | १५०।- | १००।- |
| आचार्य | २००।- | ७०।- | २५०।- | १००।- | २०।- | २०।- | ३०।- | १५०।- | १००।- |

**२. विलम्ब शुल्क सम्बन्धमा :-**

परीक्षा आवेदन प्रपत्र (फाराम) बुझाउने म्याद भुक्तान भएको मितिले पहिलो हप्तासम्म रू.१००।-, दोस्रो हप्तासम्म रू.२००।- र तेस्रो हप्तासम्म रू. ५००।- जम्मा गरी आवेदन प्रपत्र (फाराम) बुझाउन सकिनेछ ।

**३. परीक्षा शुल्क पठाउने सम्बन्धमा :-**

परीक्षा शुल्क रा.बा.बैङ्क शाखा कार्यालय, तुलसीपुरमा रहेको यस कार्यालयको च.हि.नं. ४१६०१००००१९०५००१ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न गरी पठाउनुपर्नेछ ।

**४. परीक्षा आवेदन प्रपत्र (फाराम) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरुः-**

(क) नियमित परीक्षार्थीहरुको हाजिरी प्रतिशत विद्यापीठले अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गर्नुपर्नेछ ।

(ख) परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) खण्डशः बेग्लाबेग्लै भर्नुपर्नेछ ।

(ग) नियमित परीक्षार्थीहरूले पूर्व परीक्षाको लब्धाङ्कपत्र तथा शैक्षिक प्रगति विवरण प्रपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेस गर्नुपर्नेछ ।

(घ) आंशिक परीक्षाका परीक्षार्थीहरूले तह प्रवेश वर्ष र प्रत्येक पटक परीक्षा दिएको वर्ष एवं अनुक्रमाङ्क क्रमैसँग अनिवार्यरूपमा भरी पूर्व लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपिहरू पनि अनिवार्यरूपमा पठाउनुपर्नेछ ।

(ङ) अन्य विश्वविद्यालयबाट परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीहरूले आफूले प्राप्त गरेका पूर्व परीक्षाका सबै प्रमाणपत्र र लब्धाङ्कपत्रहरूका प्रमाणित प्रतिलिपि समेत परीक्षा आवेदन प्रपत्र (फाराम) सँगै पेस गरी पठाउनुपर्नेछ ।

(च) उपर्युक्त बमोजिम तोकिएको परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा फाराम नभरिएमा पञ्जीकरण प्रपत्र (दर्ता फाराम) नभरेमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा फाराम अस्वीकार्य हुनेछन् ।

क्रमशः

७।८।७

नि. परीक्षा-नियन्त्रकः

# नेपाल–संस्कृत–विश्वविद्यालय

## परीक्षा-नियन्त्रण-कार्यालयको

## परीक्षा आवेदन-प्रपत्र (फाराम)

## भर्ने सम्बन्धी सूचना

५. स्वतन्त्र परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) भरी सिधै परीक्षा नियन्त्रण कार्यालय, दाङमा पठाउनुपर्नेछ र स्वतन्त्र परीक्षार्थीले प्रत्येक खण्डका परीक्षाहरू एउटै केन्द्रबाट दिनुपर्नेछ ।

६. सबै तहका परीक्षा आवेदन फारामहरू विद्यापीठले राम्रोसँग रूजु गरी खण्डशः अलग-अलग गरी परीक्षार्थीहरूको विषयगत विवरण वर्णानुक्रमअनुसार तयार पारी शुल्कसहित फाराम भर्ने अन्तिम मितिले ५ दिनभित्र परीक्षा नियन्त्रण कार्यालय बेलझुण्डी दाङमा आइपुग्ने गरी पठाउनुपर्नेछ ।

७. राम्रोसँग परीक्षा आवेदन फाराम नभरी विवरण फरक पर्न गएमा सम्बन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुनेछन् ।

दिनाङ्क :- २०७७ साल असोज २८ गते,
बेलझुण्डी दाङ ।

डा. बाबुराम आचार्य
नि.परीक्षा नियन्त्रक
नि. परीक्षा-नियन्त्रक